वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर,सुर्खेत ।

वीरेन्द्रनगरको सिटी बसपार्क संचालन सम्बन्धी ठेक्का

## को दरभाउपत्र फारम

आ.व. २०७६/०७७

राजश्व ठेक्का नम्बर ३/२०७६-०७७

# पत्रिकामा प्रकाशित सुचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/८/१६ गते)**

यस नगरपालिकाको वडा न. ६ मा नवनिर्मित सिटी बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्न यस नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधी, २०७६ बमोजिम आगामी ३ (तीन) वर्षका लागी बसपार्क क्षेत्रभित्र रहेका पसल कवलहरु (व्यवसायिक प्रयोजनका सटरहरु), पार्किंग क्षेत्र, विज्ञापन कर, सवारी साधन मर्मत स्थल (ग्यारेज), बसपार्कको सरसफाई , शौचालय व्यवस्थापन, पानी, विजुली बत्ति, मर्मत संभार, इन्ट्रि शुल्क लगायत सम्पूर्ण व्यवस्थापनको कार्य एकमुष्ट रुपमा विद्युतीय प्रणाली मार्फत खुल्ला प्रतिस्पर्धात्मक दरभाउपत्रद्धारा बढाबढमा ठेक्का व्यवस्थापन गर्नुपर्ने भएकोले खुल्ला प्रतिस्पर्धामा सहभागी हुन इच्छुक फर्म वा कम्पनीले तपशिलका शर्तनामा स्वीकार गरी दरभाउपत्र बढाबढ कार्यमा सहभागी हुनका लागी यो ३0 दिने सुचना प्रकाशित गरिएको छ । बोलपत्रमा भाग लिन इच्छुक फर्म तथा व्यवशायीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट https://bolpatra.gov.np/egp मा लग ईन गरी सहभागी हुन सक्नेछन् । यस सम्बन्धी विस्तृत जानकारी तथा विवरण उक्त वेव साईट, नगरपालिकाको वेभसाईट www.birendranagarmun.gov.np, सुचना पाटी तथा नगरपालिकाको राजश्व शाखामा बुझ्न सकिनेछ ।

टिकाराम ढकाल,

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## वीरेन्द्रनगर,सुर्खेत ।

सिटी बसपार्क संचालन तथा व्यवस्थापन गर्ने आय ठेक्का सम्बन्धी दरभाउपत्र (E-tender) गरिएको सुचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७६/८/१६ गते)**

यस नगरपालिकाको वडा न. ६ मा नवनिर्मित सिटी बसपार्क यस नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधी, २०७६ बमोजिम आगामी ३ (तीन) वर्षका लागी बसपार्क क्षेत्रभित्र रहेका पसल कवलहरु (व्यवसायिक प्रयोजनका सटरहरु), पार्किंग क्षेत्र, विज्ञापन कर, सवारी साधन मर्मत स्थल (ग्यारेज), बसपार्कको सरसफाई , शौचालय व्यवस्थापन, पानी, विजुली बत्ति, मर्मत संभार, इन्ट्रि शुल्क लगायत सम्पूर्ण व्यवस्थापनको कार्य एकमुष्ट रुपमा विद्युतीय प्रणाली मार्फत खुल्ला प्रतिस्पर्धात्मक दरभाउपत्रद्धारा बढाबढमा ठेक्का व्यवस्थापन गर्नुपर्ने भएकोले खुल्ला प्रतिस्पर्धामा सहभागी हुन इच्छुक फर्म वा कम्पनीले तपशिलका शर्तनामा स्वीकार गरी दरभाउपत्र बढाबढ कार्यमा सहभागी हुनका लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

- दरभाउपत्रमा भाग लिन सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट https://bolpatra.gov.np/egp/ मा लग ईन गरी टेण्डर कागजात प्राप्त गरी भर्न सकिने छ । विद्युतीय बाहेक अन्य माध्ययमबाट दरभाउपत्रमा भाग लिन पाईने छैन ।
- बसपार्क संचालन/व्यवस्थापनको ठेक्का अवधि कार्यविधि बमोजिम सम्झौता भएको मिति देखि ३ (तीन) वर्ष सम्म कायम रहनेछ । कार्यसम्पादन सन्तोषजनक भएमा अवधि थप गर्न सकिने छ ।

- यो सुचना बमोजिमको दरभाउपत्र मिति २०७६/९/१५ गते सम्म अनलाईनबाट खरिद गर्न सकिनेछ। खरिद भएका दरभाउपत्रहरु मिति २०७६/९/१६ गते अपरान्ह १२:०० बजेभित्र अनलाईन मार्फत दर्ता गरिसक्नुपर्नेछ । अनलाईन मार्फत प्राप्त दरभाउपत्रहरु मिति २०७६/९/१६ गते दिनको २:०० बजे वीरेन्द्रनगर नगरपालिकाको कार्यालय, सुर्खेतमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।
- दरभाउपत्र खरिद गर्ने ,दाखिला गर्ने र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा विद्युतीय माध्यममा नै उल्लेख भए बमोजिम सोको लगत्तै कार्यालय खुलेको दिनमा सो कार्यहरु गरिनेछ ।

  दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र फारम खरिद गर्दा मु.अ.कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नविकरणको प्रमाण, आफु वा आफ्नो फर्म कुनै पनि ठेक्का व्यवशाय गर्न कालो सुचीमा नपरेको भनी स्वघोषणा, स्थानीय व्यवसायको हकमा व्यवसाय दर्ता प्रमाणपत्र लगायत बसपार्क व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम आवश्यक हुने सम्पुर्ण कागजातको प्रमाणित प्रतिलिपिका स्क्यानिंग गरेर कार्यविधि बमोजिम नगद रु. ३०००। पछि फिर्ता नहुने गरी यस नगरपालिकाको रा.बा. बैंक, सुर्खेत शाखामा रहेको संचित कोष खाता नम्बर Ga 4/1 4080304014103 मा तिरी सोको समेत स्क्यान प्रति संलग्न गर्नुपर्नेछ ।

- ठेक्कामा भाग लिन चाहने इच्छुक व्यवशायी फर्मले रकम रु. ६,५०,०००। (तीन वर्षको आय अनुमानको हिसाबले) धरौटी वापत राख्नुपर्नेछ । धरौटी वापतको रकम यस नगरपालिकाको रा.वा. बैंक, सुर्खेत शाखामा रहेको **ग-३ धरौटी खाता नं** : ४०८०३०३००३००१ मा जम्मा गरेको भौचरको प्रति वा दरभाउपत्र खोल्ने

दिनबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको जमानत (विडबण्ड) को प्रति समावेश गर्नुपर्नेछ ।

- धरौटी वापत जम्मा गरेको रकम लाई किस्तामा समावेश गर्न पाइने छैन । कबोल गरिएको रकम एकमुष्ट रुपमा अग्रिम बुझाएमा २ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ  तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागी भने छुट दिइने छैन ।
- दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरि लेख्नुपर्नेछ ।  अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- दरभाउपत्र स्वीकृत भएपछि राख्नुपर्ने परफर्मेन्स बण्ड तथा धरौटी सम्बन्धी व्यवस्था वसपार्क व्यवस्थापन कार्यविधि, २०७६ मा उल्लेख भए बमोजिम हुनेछ ।
- रितपूर्वक दाखिला भएका दरभाउपत्र मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिनेछ ।
- उक्त ठेक्का कबोल गर्ने ठेकेदारले नेपाल सरकार तथा यस कार्यालयले समय समयमा दिएको  निर्देशनको पालना गर्नुपर्नेछ । साथै कार्यालय तथा ठेकेदार पक्ष बिच कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णयनै अन्तिम हुनेछ ।
- ठेकदारले ठेक्का सम्झौतापछि यस कार्यालयलाई बुझाउनुपर्ने रकममा कुनै हड्ताल,बन्द,चक्काजाम वा नाकाबन्दि जस्ता अन्य कुनै कारण दसाई कुनै किसिमको रकम मिनाहा वा छुट दावी गर्न पाइनेछैन ।
- दरभाउपत्र फारममा उल्लेखित पसल कवल बाहेक अन्य व्यवसाय प्रयोजनका लागी कुनैपनि संरचना थप गर्ने वा भुईंपेटी खुल्ला क्षेत्रमा व्यवसायहरु संचालन गर्न परेमा नगरपालिकाको पूर्व स्वीकृती लिनुपर्नेछ ।
- बस इन्ट्रि शुल्क, पार्किंग शुल्क, शौचालय प्रयोग शुल्क आदीको विस्तृत विवरण दरभाउपत्र फारममा दिईएको छ । थप जानकारीका लागी यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
- ठेक्का सकार गरिसकेपछि बसपार्क क्षेत्रभित्रको पानी, बत्ति, सरसफाई, शौचालय व्यवस्थापन लगायतका कार्य ठेक्का सकार गर्ने पक्षले नै व्यवस्थापन गर्नुपर्नेछ ।
- नेपाल सरकार लाई बुझाउनुपर्ने अन्य कर दस्तुरहरु दरभाउपत्र सकार गर्ने पक्षले नै बुझाउनुपर्नेछ ।
- कार्यालयमा पेश हुन आएका दरभाउपत्रहरुको कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वीरेन्द्रनगर नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।
- यो ठेक्काको विस्तृत सुचना नगरपालिकाको वेभसाईट www.birendranagarmun.gov.np मा हेर्न सकिनेछ ।
- यस सुचनामा उल्लेख गरिएका कुराहरु यसै सुचना बमोजिम तथा यस सुचनामा छुट हुन गएका अन्य कुराहरु यस वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको यसै टेण्डर सुचना साथ संलग्न गरिएको **"बसपार्क व्यवस्थापन कार्यविधी, २०७६"** तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**ठेक्का सम्बन्धि संक्षिप्त विवरण :**

| आय ठेक्का न. | ठेक्का विवरण | न्युनतम ठेक्का अंक मासिक | ठेक्का अवधि |
|---|---|---|---|
| ०३-०७६/०७७ | वीरेन्द्रनगरको सिटी बसपार्क संचालन सम्बन्धी ठेक्का | ७,२१,०००। | सम्झौता अवधिले ३ वर्ष |

# (टेण्डर सुचना प्रयोजनार्थ)

# बसपार्क व्यवस्थापन कार्यविधि, २०७६

<u>पृष्ठभुमि :</u>

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको स्वामित्वमा रहेको नवनिर्मित सिटी बसपार्कलाई व्यवस्थीत ढंगबाट संचालन तथा व्यवस्थापन गरि नगरको बस पार्किङ व्यवस्थापन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम वीरेन्द्रनगर नगरपालिका सुर्खेतको मिति २०७६।०६।११ गतेको कार्यपालिका बैठकबाट स्वीकृत गरि यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :१) यस कार्यविधिको नाम बसपार्क व्यवस्थापन कार्यविधि २०७६ रहेको छ ।

२) यो कार्यविधि वीरेन्द्रनगर नगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

२. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"बसपार्क"भन्नाले वीरेन्द्रनगर नगरपालिकाद्वारा निर्मित वीरेन्द्रनगर नगरपालिका वडा नं.६ मा रहेको बसपार्क सम्झनु पर्दछ ।

ख) "समिति"भन्नाले दफा ४ वमोजिम गठित बसपार्क व्यवस्थापन समिति समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका"भन्नाले वीरेन्द्रनगर नगरपालिका सुर्खेतको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) " नगरपालिका " भन्नाले वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालय सुर्खेत सम्झनु पर्छछ ।

(ङ) "लामो दुरीको बस"भन्नाले सुर्खेत जिल्ला भन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टा भन्दा बढी यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ ।

(च) "छोटो दुरीका बस"भन्नाले सुर्खेत जिल्ला सहित बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टाभन्दा कम यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ ।

(छ)“ठेकेदार”नगरपालिका संग सम्झौता गरि संचालन व्यवस्थापनको जिम्मा लिएको प्रचलित कानून वमोजिम दर्ता फर्मको प्रोपराइटर ।

## परिच्छेद-२

## उद्देश्य

**३.कार्यविधिको उदेश्य :** १) यो कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ ।

क) बसपार्कको संचालन तथा ब्यवस्थापनमा सहयोग गर्ने ।

ख) बसपार्कलाई सहि ढंगबाट संचालन तथा व्यवस्थापन गरि नगरको सौन्दर्य वृद्धिमा सहयोग गर्ने ।

ग) नगरपालिकाको आय आर्जनमा सहयोग पुऱ्याउने ।

## परिच्छेद-३

## बसपार्क व्यवस्थापन समिति

**४.बसपार्कको संचालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह, सुझाव तथा नियमन गर्न देहाय अनुसारको बसपार्क व्यवस्थापन समिति गठन गरिनेछ ।**

क) नगर कार्यपालिका प्रमुख अध्यक्ष

ख) उप प्रमुख
उपाध्यक्ष

ग)) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) बसपार्क रहेको वडाको वडाअध्यक्षहरु सदस्य

ड.) बसपार्कव्यवस्थापन हेर्ने सम्वन्धित शाखाको अधिकृत सदस्य सचिव

समितिको वैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा अधिकृत प्रतिधिहरुलाई आमन्त्रीत सदस्यका रुपमा आवश्यक्ता अनुसार आमन्त्रण गरिनेछ ।

**५) बसपार्क व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन् ।**

क) बसपार्क व्यवस्थापनका सम्वन्धमा नगरपालिकालाई आवश्यक सल्लाह सुझाव दिने ।

ख) बसपार्कको काउण्टर तथा बसको पार्किङ. व्यवस्थापन मिलाउने ।

ग) बसपार्कभित्र रहने टिकट काउण्टरहरु राख्ने स्थान तोक्ने ।

घ) बसपार्कको नियम पालना गर्न लगाउने तथा नियम विपरित कार्य गर्नेलाई कार्वाही गर्ने ।

ड.) बसपार्कभित्रका सेडहरुको भाडा दर तथा टेण्डर प्रक्रियाको विषय कार्यपालिका समक्ष सिफारिश गर्ने ।

च) बसपार्कमा हुन सक्ने विवादको सामाधान गर्ने ।

छ) बसपार्क निरिक्षक तोक्ने ।

ज) बसपार्क व्यवस्थापन सम्बन्धमा अन्य कार्यहरु गर्ने ।

झ) समितिलाई कुनै विषयमा विशेषज्ञ परामर्श आवश्यक परेमा समितिका पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरि विशेष कार्यदल गठन गरि बसपार्क व्यवस्थापनका लागि परामर्श लिनेछ ।

## परिच्छेद-४

## बसपार्कबाट लिइने सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था

**६.बसपार्कभित्र लिइने सेवा शुल्क तथा वहाल रकम देहाय वमोजिम हुनेछ ।**

क) **कोठा वा सेड भाडा:**बसपार्कको गुरुयोजना अनुसारका तोकिएका कोठा एवं सेड ( टिकट काउण्टर वाहेक) वाट तोकिए वमोजिमको वहाल रकम लिने गरि सम्पूर्ण कोठा वा सेडलाई एकमुष्ट भाडा दिई वहाल रकम असूल गर्ने व्यवस्था मिलाईने छ । यसरी एकमुष्ट वहालमा लिने व्यक्ति वा फर्मले अन्य व्यक्ति वा फर्मलाई तोकिए वमोजिमको शर्तका पालना गर्ने गरि भाडामा लगाउन सक्नेछ तर यसरी भाडामा दिंदा दफा ७. वमोजिमको प्रकृया अवलम्वन गरिनेछ ।

ख) **बसपार्क प्रवेश शुल्क** :बसपार्क भित्र प्रवेश गर्ने सवै बसहरुबाट तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ ।

ग)**बस पार्किड. शुल्क** :बसपार्कमा पार्किड. भै रात विताउने बसहरुबाट तोकिए बमोजिमको पार्किड. शुल्क नगरपालिका वा ठेक्काबाट असूल गरिनेछ ।

घ) **शौचालय सेवा शुल्क** :बसपार्कभित्र रहेको शौचालय प्रयोग गरे वापत तोकिए वमोजिमको सेवा शुल्क असूल गरिनेछ तर यस प्रकारको सेवा शुल्क बालबच्चा, जेष्ठ नागरिक, अपांगहरुबाट असूल गरिने छैन ।

ङ.) **विज्ञापन शुल्कः**बसपार्कमा रहेका कोठा तथा सेडको व्यबसाय तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरि समितिले तोके बमोजिमको विज्ञापन शुल्क लिने गरि सम्वन्धित फर्मलाई विज्ञापन राख्ने ठाउं उपलब्ध गराउने छ ।

च) **अन्य शुल्क** : समितिले सिफारिस गरी कार्यपालिकाबाट निर्णय भएबमोजिमका अन्य शुल्क

७.दफा६वमोजिमकावहालतथा सेवाशुल्कमध्ये दफा६ (ङ) वाहेकका सवै वहालतथा सेवाशुल्क असूलीकालागिनगरपालिकाले देहायको प्रकृया अवलम्बन गरि एक पटकमाबढीमा ३ वर्ष नबढ्ने गरि ठेक्काबन्दोवस्त गर्नेछ ।

क) बसपार्कभित्र रहेका सेडहरुमध्येअनुसूचि २ मा तोकिएवमोजिमका सेडहरुको नक्शामाउल्लेखित कोठावा सेडमाराखिने व्यबसायवा सेवाकाआधारमाकोठावा सेड नम्बरको भाडा रकम समितिले तोकि कार्यपालिका समक्षसिफारिश गर्नेछ । समितिले भाडा दर सिफारिश गर्दा देहायकाआधारमा न्यूनत् भाडा दर कायम गर्नेछ ।

अ) कोठाको क्षेत्रफल

आ) टिकटकाउण्टर, गेट जस्ताबढिमानिसको चहलपहलहुने स्थान ।

इ) व्यबसायिक कोठाभाडाको चलनचल्ती दर ।

ख) बसपार्कप्रवेश शुल्क, बसपार्किङ. र शौचालय सेवाशुल्कको दर अनुसूचि ३ लाई आधारमानिवार्षिक रुपमाउठ्न सक्ने रकमको एकिन समितिले गरि कार्यपालिका समक्ष पेश गर्ने छ ।

ग) माथि (क) र (ख) वमोजिम कोठाभाडा र प्रवेश, पार्किङ.शौचालय सेवाशुल्कबाटवार्षिक उठ्न सक्ने रकमकाआधारमा नगरपालिकाले तोकेवमोजिमको शर्त राखिबसपार्क संचालनतथाव्यवस्थापनकालागिनियमानुसार खुल्लावोल पत्र (ठेक्का)आव्हान गर्नेछ ।

घ) ठेक्का वन्दोवस्ती प्रकृया देहाय अनुसार हुनेछ ।

१, सटर तथा पसल कबलहरु भाडामा लगाउने, सरसफाई र सुरक्षाको जिम्मालिने गरी कम्तीमा ३० दिनको सुचना राष्टिय दैनिकपत्रिकामाप्रकाशन गरीवोलपत्रआव्हानगरिनेछ । वोलपत्रकागजातखरिद गर्न रु.३०००। वोलपत्रदस्तुर वुझाउनु पर्नेछ ।

२, ठेकेदारको योग्यता: फर्मको उद्देश्यमा सरकारी ठेक्कापट्टामाभागलिने भएको हुनुपर्ने छ ।

३, ठेकेदारले पसलकबलहरु अन्यव्यक्तिवाफर्मलाई भाडामालगाउँदा ठेक्काबाट स्वीकृत भई सम्झौताभएको कुल राजश्व रकममातिसप्रतिशतभन्दाबढिनहुने गरी (पानी, विजुली , सुरक्षा, सरसफाई लगायतकाव्यवस्था गरेवापत) रकमलिन सक्ने ।

४, पसल तथा बस्तु र सेवाको मुल्य सम्बन्धमा:

सटरभाडा रकमबढिमालिएको वाअन्यजुनसुकै पनि कारण देखाई बसपार्कभित्रबाटविक्रिहुने वस्तु तथा सेवाको मुल्यमा वृद्धि गर्न नपाईने । कुनै पनिवस्तु अधिकतमखुद्रामुल्यभन्दाबढिमाबिक्रि गर्न नपाईने । अधिकतमखुद्रामुल्यउल्लेख नहुने वस्तु तथा सेवाको सबैले स्पष्ट देख्ने गरी मुल्य सुचीटाँस गर्नुपर्ने ।

५, वस्तु तथा सेवाको गुणस्तर मुल्यलगायतकाविषयमानगरपालिकाले मासिक रुपमाअनुगमन गर्ने । मापदण्डविपरित पाईएमा तत्काल कारवाही गरिने ।

ड.)वोल पत्रको मूल्यांकनअधिकतममूल्यांकित सारभूत रुपमाप्रभावग्राहीलाई स्वीकृत गर्ने गरी सार्वजनिकखरिद ऐन र नियमावलीबमोजिमहुनेछ ।

८.बोलपत्र पेश गर्दा सूचनामाउल्लेख भएअनुसारको धरौटी राखेको नगदि रसिदवा बैक भौचर अनिवार्य पेश गर्नुपर्ने छ ।

९. स्वीकृत बोलपत्रदाताले सम्झौतागर्नुपूर्व न्यूनतम ३ महिनाको भाडा रकम बराबर हुनआउने नगद धरौटी र सम्झौताअवधिभरको भाडाको ५ प्रतिशत बैंक जमानतवानगदथप धरौटीवापतनगरपालिकामा पेश गर्नुपर्ने छ ।

१०.यस परिच्छेदमाजुनसुकै कुरा उल्लेख भएतापनिकार्यपालिकाबाट स्वीकृत भाडा दर तथा यस कार्यविधिमाउल्लेखितविभिन्न सेवाशुल्क दरलाई आधार मानिविशेष परिस्थितिमानगरपालिकाले कार्यपालिकाको सहमतिमा छुट्टैकर्मचारी राखिबसपार्कको संचालनतथाव्यवस्थापन गर्नसक्नेछ ।

## परिच्छेद ५

## टिकट काउण्टर ब्यवस्थापन

**११.टिकट काउण्टर वितरण विधि** :१) ठेक्कावाअमानतबाटबसपार्क संचालनतथाब्यवस्थापनगर्दा विभिन्नयातायातकम्पनीलाई टिकटकाउण्टर उपलब्ध गराउंदा देहायबमोजिम गरिने छ ।

क) प्रथमपटक७दिने सुचनादिई सुर्खेतमाप्रधानकार्यालय हुने यातायातव्यवशायी संस्थाहरुलाई आफ्नो संस्थाको सम्पुर्ण कागजातको प्रतिलिपी सहितगाडी संख्या र रुट परमिटको प्रमाण रनगरपालिकामाव्यवशायदर्ता गरेका प्रमाण समेत सलग्न राखि सुचीदर्ता गर्ने ।

ख) उक्तअवधिमाव्यवशायदर्ता हुनआएकाकम्पनीहरुलाईवसपार्क टर्मिनलको टिकटकाउण्टर निशुल्ककम्तीमा १ वटामात्रनगरपालिकाले गोलाप्रथा द्वारा टिकटकाउन्टर वितरण गर्ने । यसो गर्दा इन्द्वीशुल्करव्यवशायदर्ताको रुपमा अनुसूचि २ वमोजिमशुल्कलिने ।

ग) यसरी वितरणपश्चातगाडी संख्या ५० भन्दामाथि र रुट संख्याप्रदेश बाहिर समेत गरी १० भन्दाबढिहुने कम्पनीलाई आफैले संरचनानिर्माण गर्ने गरीव्यवसायीहरुको सहमतिवागोलाप्रथाबाटथपकाउन्टर दिने ।

घ) बसपार्क सञ्चालनभएपश्चातकाउन्टर माग गर्ने यातायातकम्पनीलाई वसपार्कमा टिकटकाउण्टर दिननगरपालिकावाध्यहुनेछैन तर वस पार्कीङ.तथायात्रु ओराल्ने र चढाउनेकार्य भने नियमानुसार शुल्कवुझाइ गर्न गराउनभने वाधा पर्ने छैन ।

## परिच्छेद ६

## बसपार्क व्यवस्थापक र बसपार्क प्रयोग कर्ताले पालना गर्नु पर्ने नियमहरु

**१२. बसपार्कव्यवस्थापक र बसपार्कप्रयोग कर्ताले पालना गर्नु पर्ने नियमहरु :**(१) बसपार्क संचालन गर्ने जिम्मालिने ब्यवस्थापकतथा सो को प्रयोगकर्ताले देहायकाशर्तहरु पालना गर्नुपर्ने छ ।

**क) बसव्यबसायी,चालकतथाकर्मचारीहरुले :**

(१) लामो दुरीकाठूला बस छुट्नु भन्दाबढीमा १ घण्टापहिले बसपार्क प्रवेश गराउने तथाबाहिरबाटआएकाबसले १ घण्टाभित्रयात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्नेछ ।

(२) लामो दुरीका साना बस र छोटो दुरीकाबसहरु छुट्न भन्दाबढीमा ३० मिनेट पहिले बसपार्क प्रवेश गराउने तथाबाहिरबाटआएकाबसले ३० मिनेट भित्रयात्रु ओराल्नेतथा सामानको व्यवस्थापन गर्नुपर्ने छ ।

(३) बस ब्यवसायीचालकतथाकर्मचारहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्ने,

(४) तोकिएको समयमा र स्थानमा गर्नु भनितोकिएकाकामहरु गर्नुपर्नेछ ।

(५) तोकिएको स्थानबाहेकअरुलाई असर पर्ने गरी धुम्रपान, मध्यपान गरी जथाभावीबोल्न र ब्यवहार गर्नपाइने छैन ।

(६) चालकले बस जुनसुकै स्थानमापार्किङ गर्न, रोक्न वाहर्न बजाउनपाईने छैन ।

(७) कर्मचारीहरुले जथाभावी रुपमायात्रुलाई अमर्यादितव्यवहार गर्ने, सवारीको लागितान्ने, धकेल्ने वाअन्यकिसिमले दुर्व्यवहार गर्न पाइने छैन ।

(८) बस व्यवसायीवाचालकले गाडि मर्मत गराउदाजथाभावी गराउनपाईने छैन तोकिएको स्थानमातोकिएकोदस्तुर तिरेर मात्र गराउनु पर्नेछ ।

(९) बसपार्क भित्रको आचारसंहितापालना गर्ने वा गराउने, सरसफाई गर्ने वा गराउने दायित्व समेत बहन गर्नुपर्नेछ ।

(१०) तोकिएको समय भन्दाबढी समय बसपार्कमा बस पाकिङ गर्न पाइने छैन ।

(११) चालक, सहचालक र कन्डक्टर तथाटिकटकाउन्टरकलर्कले तोकिएको पोषाकअनिवार्य प्रयोग गर्नुपर्नेछ ।

**ख) सेवाग्राहीहरुले :**

(१) सेवाग्राहीले तोकिएको स्थानमागई टिकटलिनुपर्नेछ ।

(२) टिकटमाउल्लेखितसिटमामात्रबस्नुपर्ने छ ।

(३) बस व्यवसायी, चालक र कर्मचारीसंग सर्यादितव्यवहार गर्नुपर्ने छ ।

(४) धुम्रपान, मध्यपान गरि अरुलाई समेत असर पर्ने गरि व्यवहार गर्न पाईने छैन सभ्ययात्रुको परिचयदिने दायित्व समेत सेवाग्राहीको हुनेछ ।

(५) आफ्नो कारणले सृजितफोहरमैलालाई जथाभावीफाल्नपाइने छैन तोकिएको स्थानमावा स्वयं आफैले विसर्जन गर्नुपर्ने छ ।

**ग) सेडमा व्यबसाय गर्ने व्यबसायीहरुले**

(१) प्रचलितकानूनले तोकेको मापदण्डभित्र रहीउद्योग, फर्म, व्यापार व्यवसायवाअन्यकुनै सेवा सञ्चालन गर्नुपर्दछ ।

(२) प्रचलितकानूनले निषेध गरेका वस्तुको विक्रिवितरणतथामदिराजन्यव्यवसाय गर्न पाइने छैन ।

(३) तोकिएको सेवावावस्तुमागुणस्तरियताकायमभएको हुनुपर्ने,

(४) व्यवसाय सञ्चालनगर्दा नगरपालिकामादर्ता वानगरपालिकाको स्वीकृतीलिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(५) सेवावस्तुको कारोबार गर्दा प्रचलितकानूनबमोजिमदर्ता स्वीकृतीलिनुपर्ने भएलिएको प्रमाणलिइजुनसुकै समयमापनिअनिवार्य उपलब्धहुने गरि राख्नुपर्नेछ ।

(६) बसपार्क क्षेत्रभित्रवस्तुको व्यापार वाव्यवसायगर्दा तोकिएको स्थानमाबाहेक अन्यत्र सेवा सञ्चालनवावस्तु विक्रिवितरण गर्न पाईने छैन ।

(७) सरसफाई र स्वच्छताकायम गर्नका लागिआफ्नोअगाडिको वा क्षेत्रभित्रको सफाई गर्ने जिम्मेवारी व्यवसायीको हुनेछ । पसलअगाडिअनिवार्य फोहर व्यवस्थापनभांडो (डस्टविन) राख्नुपर्ने छ ।

(८) न.पा.को अनुमतिनलिई सेड वा संरचनामाथप संरचनाथप्नवागांस्न पाईने छैन ।

(९) अत्यावश्यकवस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज पुऱ्याउने उद्देश्यले कसैले पनि कृत्रिमअभावको सृजना गर्न पाईने छैन ।

(१०) अत्यावश्यकवस्तु वा सेवाको सूची र मूल्यनिर्धारण गरी सूचनाटांस गर्नुपर्नेछ ।

(११) स्थानीयबजार व्यवस्थापन, अनुगमनतथाउपभोक्ताहित संरक्षण सम्बन्धी ऐन २०७६ को पूर्ण पालना गर्नुपर्नेछ ।

## घ) ठेकेदार व्यवसायीवाव्यवस्थापकले :

(१) नगरपालिका संगको सम्झौताअनुसार तोकिएको सम्पूर्ण कामहरु गर्नुपर्ने,

(२) प्रत्येक वर्ष सम्झौताबमोजिमको रकम वृद्धि गरी भाडा रकमनगरपालिकालाई भुक्तानदिनुपर्ने ।

(३) कुनै कारणवस बसपार्क व्यवस्थापनको सम्झौतातोड्न चाहेमा कम्तिमा ६ महिनाअगाडीनगरपालिकालाई सूचनादिनुपर्ने छ ।

(४) नगरपालिकालाई बुझाउनुपर्ने दायित्वतोकिएको समयमा नै अनिवार्य रुपमाबुझाउनुपर्नेछ,

(५) बसपार्क भित्रकावत्ती, पानी, शौचालय, टेलिफोन लगायतकाअन्यभौतिक संरचनाहरुको संरक्षण, सम्बर्द्धन, मर्मत सम्भार गर्ने गराउने,

(६) बसपार्क भित्र रहेका सडकबत्ती, शौचालयको नियमित मर्मत संभार गरी दुरुस्त राख्नुपर्ने, कुनै कारणवस कुनै संरचनाहटाउनु पर्ने देखिएमानगरपालिकाको सहमति वेगर नहटाउने,

(७) बसपार्क भित्रको क्षेत्रलाई सफासुग्घर, हरियाली, सौन्दर्य, न्यून कोलाहलयुक्तबनाउने तर्फ ध्यानदिने,

(८) बसपार्क भित्रआवश्यक पर्नेकर्मचारीहरुकोव्यवस्थापनगर्दै कर्मचारीलाई परिचालन गर्ने,

(९) सब लिजमादिदावा फेरबदलगर्दा अनिवार्य रुपमानगरपालिकाको अनुमतिलिनुपर्नेछ,

वा सो को जानकारी गराउनुपर्ने छ । नगरपालिकावाट स्वीकृत रकमभन्दावढीभाडालिनपाइने छैन ।

(१०) नगरपालिकाले मागेको जुनसुकै सूचनावाविवरणतोकिएको समयमाअनिवार्य रुपमाउपलब्ध गराउने ।

(११) तोकिएकाब्यवसायहरु बाहेक अन्यव्यवसायन गराउने, तोकिएको व्यवसायएवं टिकटकाउण्टरलाई तोकिएको क्षेत्रभन्दाअन्यत्रप्रयोग गर्न निषेध गर्ने ।

(१२) बस बाहेककाअन्य सवारी साधनलाई बसपार्क भित्रप्रवेशमानिषेध गर्ने ।

(१३) बसपार्क सुरक्षाको लागिआवश्यकप्रवन्ध गर्ने । बसपार्क भित्र रहने सम्पूर्ण पसलकवलहरुको जिम्मालिई व्यवस्थापन गर्ने ।

(१४) यस कार्यविधिमाभएबाहेककाविषयहरु सम्झौतामाउल्लेख भएबमोजिमहुनेछन ।

**ङ)नगरपालिकाको जिम्मेवारी :**

१) बसपार्कको क्षेत्र विस्तारतथानयां संरचनानिर्माणको कार्य गर्ने गराउने ।

२) बसपार्क भित्रथप संरचनाआवश्यकभए सो को व्यवस्थापन गर्ने गराउने ।

३) सम्झौताबमोजिमको कामभएनभएको अनुगमन गर्ने र नभएको पाईएमा तत्काल गर्न लगाउने,

४) बसपार्क व्यवस्थापनमा देखिएकाविवादको निरुपण गर्ने,

५) सम्झौतामाउल्लेखितशर्त पालनानगरेका कारणले नगरपालिकाले बिचमा नै सम्झौतातोडनु पर्ने देखेमा ३ महिनाको म्याददिई सम्झौताभंग गर्न सक्नेछ तर यसरी सम्झौतातोडनु पूर्व बसपार्क ब्यवस्थापकलाई सफाई पेश गर्ने मौका दिइने छ ।

६) नगरपालिकाले लिजमादिने प्रयोजनकालागि त्इच तयार गर्ने, सूचनाप्रकाशन गर्ने, छनौट गर्ने र नियमानुसार सम्झौता गर्ने,

७) बसपार्क भित्रको क्षेत्रमावस्तु वा सेवा क्षेत्र निर्धारण गर्ने र आवश्यकतानुसार सेवा संचालनवाविक्रिकक्षको लागि स्थानउपलब्ध गराउने,

८) सम्झौतातथाप्रचलितमापदण्डअनुसार सम्बन्धितपक्षहरुले जिम्मेवारी पुरा गरे वानगरेको सो सम्बन्धमानियमन गर्ने,

९) विद्युत, पिउने पानी, शौचालय, फोहरमैलाव्यवस्थापन, सुरक्षाप्रबन्ध, बाटोघाटो ट्रफिकव्यवस्थापनकालागि सहजिकरण गर्ने,

१०) स्थानीयबजार व्यवस्थापनतथाउपभोक्ताहित संरक्षणकालागिआवश्यकभूमिकानिर्वाह गर्ने गराउने,

११) आवश्यकताअनुसार सडके वाप्रत्येक्ष निरिक्षण गरी कारवाही गर्ने वा कारवाहीकालागिसिफारिस गर्नुपर्ने,

## परिच्छेद ७

## कारबाही

### १३.नियमपालनानगर्ने उपर गरिने कारर्वाही

१) बसपार्क भित्रकालागितोकिएकानियमपालनानगरेको पाईएमा नगरपालिकाबाटतोकिएको निरिक्षक वाट्राफिकप्रहरीले देहायबमोजिमको कारवाही गर्नेछ,

क) तोकिएको स्थानमापार्किङ, नगरेमा, तोकिएको समय भन्दाबढी समय बस पार्किङ गरेमा, बसपार्क भित्रपालना गर्नुपर्ने ट्रफिकनियमपालनानगरेमा प्रथमपटककालागि रु.१०००।- ( एक हजार मात्र) सम्म जरिवाना र सोही कसुर दोहोराएमापटकै पच्छिे देब्बर जरिवानाहुने छ ।

ख) मापदण्डविपरित हर्न बजाउने, यात्रु तानातान गर्ने जस्तायात्रु मैत्रीव्यवहार नगरेमा रु.५००।- (पांच सय) सम्म जरिवाना गर्नेछ ।

२) दफा १२ को (ग) बमोजिमबसपार्कमा व्यवसाय गर्नेव्यवसायीहरुले पालना गर्नुपर्ने नियमपालनानगरेको पाईएमा नगरपालिकाबाटतोकिएको निरिक्षकले उक्तव्यवसायीलाई प्रथमपटकरु.५०००।- (पांचहजार) सम्म जरिवाना र दोश्रो पटक सोहीगल्ती दोहोऱ्यायमा सो को दोब्बर जरिवाना र तेश्रो पटकपनि सो गल्ती दोहोऱ्यायमा कोठावा सेडबाटनिजलाई निश्कासन गर्न समिति समक्ष पेश गर्नेछ । समितिले निजलाई कोठाबाटनिश्कासन गर्ने आदेश दिएमाबसपार्क व्यवस्थापकले उक्तव्यवसायीलाई बसपार्कबाटनिश्कासन गर्नुपर्नेछ ।

३)दफा १२ को (घ) विपरित कार्य गरे गराएमाप्रथम पटक रु १५०००। दोश्रो पटक सोको दोव्वर र तेश्रो पटकपनि यस प्रकारको गल्तीगरेमा नगरपालिकाले सम्झौता रद्धको प्रकृया अगाडीवढाउनेछ ।

४) ठेकेदारले जिम्मालिएको क्षेत्रको कुनै सार्वजनिक सेवा (सौचालय, सरसफाई, सडकवत्ती) गुणस्तरीय नदिएको गुनासो नगरपालिकामाआएमावसपार्क व्यस्थापन समितिले

स्थलगतअनुगमन गरि कसुर अनुसारको जरिवानावा सुधारका लागिविशेष आदेश दिन सक्ने छ यस प्रकारको आदेश नमानेमा प्रथमपटक रु ५०००। जरिवानातत्पश्चातपटकै पिच्छे दोव्वर जरिवानानगरपालिकाले गर्नेछ । यस प्रकारको जरिवाना सम्वन्धितपक्षले नगदजम्मानगरेमा वस व्यवस्थापकको धरौटीवाटकट्टा गरिनेछ ।

## परिच्छेद ८

## विविध

### १४. बाधा अड्काउ फुकाउ :

१) प्रचलितकानूनबमोजिमहुनेः १) यस कार्यविधिमाउल्लेख नभएकाहकमानगरकार्यपालिकाको निर्णय, क्षेत्रगतनीतितथाकार्यक्रमबमोजिमहुनेछ ।

**१५.संशोधन र खारेजी** :१) यो कार्यविधिको संशोधनवाकुनै दफाखारेजी गर्नु परेमा नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

अनुसूचीहरु

अनुसूची- १

दफा ७(क) सग सम्बन्धीत

बसपार्कको कोठावितरणनक्सातथा सेडमा राखिने सेवातथाव्यवसायको किसिम

अनुसूची -२

दफा ११(ख) सग सम्बन्धीत

बसपार्क प्रवेश शुल्क, बस पार्किङ र शौचालय सेवाशुल्कको दर

क) बसपार्क प्रवेश शुल्क

लामो दुरीमाचल्ने ठुला सवारी साधन रु.१००।-

लामो दुरीमाचल्ने साना सवारी साधन रु५०।-

छोटो दुरीमाचल्ने ठुला सवारी साधन रु.५०।-

छोटो दुरीमाचल्ने साना सवारी साधन रु.३०।-

ख) पार्किङ शुल्क रात विताउनु पर्ने भएमामात्र (प्रतिदिन)

बस रु.२००।-

माइको बस रु.१५०।-

ग) शौचालय सेवाशुल्क

क) दिसा गरेको रु.१०।- (दश)

ख) पिसाव फेरेको रु.५।-(पांच)

ग) नुहाएको रु.३०।- (तीस)

अनुसूचि ३

दफा ७(ख) सग सम्बन्धीत

वस व्यवसायी फर्महरुको व्यवसाय कर र वस पार्क सेवाप्रयोग सूचिकृतशुल्क

क) व्यवसायकर (वार्षिक)

| | |
|---|---|
| २५ वटा सम्म सवारी साधनभएकाप्रालिलाई | ५,०००। |
| ५० वटा सम्म सवारी साधनभएकाप्रालि | १०,०००। |
| १०० वटा सम्म सवारी साधनभएकाप्रालि | १५,०००। |
| १०० वटाभन्दावढीसवारी साधनभएकाप्रालि | २००००। |

ख) वस पार्क सेवाप्रयोग सूचिकृत शुल्क (वार्षिक)

| | |
|---|---|
| ५० वटा सम्म सवारी साधनभएकाप्रालि | ५०००। |
| ५० वटाभन्दावढी सवारी साधनभएकाप्रालि | १००००। |

सटर पसल कवल तथा अन्य विवरण

| सि.न. | विवरण | लम्बाई मी. | चौडाइ मी. | उचाई | संख्या |
|---|---|---|---|---|---|
| १ | पसल कवल (सटरहरु) | ४ | २.८१ | | ५४ |
| २ | ग्यारेज | ११ | २२.६५ | | १ |
| ३ | रुफटप रेष्टुरेन्ट | १८ | १८ | | १ |
| उपरोक्त बमोजिमको सेवाको संचालन खर्च (१५ प्रतिशत कटाएर) मासिक भाडा रकम रु ७२१००० सात लाख एक्काइस हजार मात्र । | | | | | |

# मुल्य सुची

## बिल अफ क्वान्टिटीज

ठेक्काको नाम : वीरेन्द्रनगरको सिटी बसपार्क संचालन सम्बन्धी ठेक्का

| सि.नं | सुचना नं. | कामको विवरण | न्यूनतम रकम रु | मासिक कबोल अंक रकम रु. | | तीन वर्षको जम्मा कबुल अंक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| १ | ०३/०७६/०७७ | बसपार्कमा रहेका सम्पुर्ण पसल कबल (टिकट काउन्टर बाहेक), पार्किंग, विज्ञापन शुल्क लगायतका सम्पुर्ण शुल्क उठाउने (सरसफाई, सुरक्षा, विजुली, पानी लगायतका खर्च ठेकेदार स्वयंले खर्च व्यहोर्ने गरी) | मासिक रु. ७,२१,००० | | | | | |

**<u>बोलपत्र पेश गर्ने</u>**

फर्मको नाम (छाप सहित) :

आधिकारीक व्यक्तिको नाम :

हस्ताक्षर:

सम्पर्क नम्बर:

# SECTION-VI

# Bill of Quantities

# Bill of Quantities

| 1 Provisional Sum | | | | | |
|---|---|---|---|---|---|
| Procument Item Details | | | | | |
| SL. No | Item Description | Unit | Quantity | Unit Rate(NPR) | Amount(NPR) |
| 1 | | | 0.0 | 0.0 | 0.00 |

| 2 Administration defence and social security services | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.1 Administration services | | | | | | |
| Procument Item Details | | | | | | |
| SL. No | Item Description | Unit | Quantity | Bidder's Rate (NPR) | Bidder's Rate (in words) | Total Amount (NPR) |
| 1 | Birendranagar City Buspark Operation and Management ,Revenue Collection work per Month | LS | 1.0 | | | |

| Total of Procument Items | |
|---|---|
| **Total Item Price** | |
| **VAT** | |
| **Grand Total** | |